नेपाल सरकार
# सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:-
चलानी नं.:-

## प्रेस विज्ञप्ति

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना र नेपालका लागि इजरायलका राजदूत Shmulik Arie Bass बीच मिति २०८३ साउन १५ गते मन्त्रालयमा शिष्टाचार भेटवार्ता भई नेपाल र इजरायलबीचको मैत्रीपूर्ण द्विपक्षीय सम्बन्ध, सूचना तथा सञ्चार प्रविधि, डिजिटल रूपान्तरण, मानव स्रोत विकास तथा बहुपक्षीय मञ्चहरूमा दुई देशबीचको सहकार्यका विषयमा छलफल भयो।

इजरायलका राजदूतले नेपाल र इजरायलबीचको ऐतिहासिक, घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धका बारेमा उल्लेख गर्दै इजरायलको प्रविधिमैत्री तथा नवप्रवर्तनमुखी अनुभव नेपालसँग आदानप्रदान गर्न तथा सूचना प्रविधि, डिजिटल नवप्रवर्तन, कृषि आधुनिकीकरण लगायतका क्षेत्रमा दुवै मुलुकको सहकार्य बढाउन सकिने धारणा व्यक्त गर्नुभयो। साथै, नेपालबाट इजरायलमा कार्यरत कामदारका लागि नयाँ सम्भावनाका क्षेत्रहरूमा समेत सहकार्य विस्तार गर्न सकिने विचार व्यक्त गर्नुभयो।

भेटका क्रममा सूचना तथा सञ्चार मन्त्री डा. तिमिल्सिनाले नेपालको सूचना तथा सञ्चार प्रविधिको विकासमार्फत सुशासनको लक्ष्य हासिल गर्ने सरकारको प्राथमिकताका बारेमा उल्लेख गर्नुभयो। माननीय मन्त्रीले सूचना प्रविधि, डिजिटल पूर्वाधार, दूरसञ्चार प्रविधि तथा सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन इजरायलको अनुभव, प्रविधि र असल अभ्यासबाट नेपाल लाभान्वित हुन सक्ने धारणा व्यक्त गर्नुभयो। सो अवसरमा उहाँले सूचना प्रविधि, इन्जिनियरिङ्ग तथा नवप्रवर्तनको क्षेत्रमा नेपाली युवाहरूलाई इजरायलमा तालिम, क्षमता अभिवृद्धि तथा व्यावसायिक अनुभव हासिल गर्ने थप अवसरका सम्बन्धमा समेत चासो व्यक्त गर्नुभयो।

उक्त भेटघाटमा परराष्ट्र मन्त्रालय तथा नेपालस्थित इजरायलका दूतावासका प्रतिनिधिहरूको समेत सहभागिता रहेको थियो।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

२०८३।४।१५

काठमाडौं, १५ साउन २०८३

सहसचिव एवम् प्रवक्ता